# नौगाड गाउँपालिका

## होपरीगाड, दार्चुला

## सुदूरपश्चिम प्रदेश नेपाल

# टुहुरा एवम् अशक्त वालवालिकाका लागि आधारभूत शिक्षा सुनिश्चितता तथा पालनपोषण सम्बन्धि कार्यविधि, २०७८

नौगाड गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
होपरीगाड, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

पुष्कर सिह धामी
प्रमुख प्रशासकीय अधिकृत

# टुहुरा एवम् अशक्त वालवालिकाका लागि आधारभूत शिक्षा सुनिश्चितता तथा पालनपोषण सम्बन्धि कार्यविधि, २०७८

कार्यपालिकाबाट मिति: २०७८/१२/०८ मा स्वीकृत

**प्रस्तावना :**

नेपालको संविधान २०७२ भाग ३ मौलिक हक र कर्तव्य अर्न्तगत धारा ३१ उपधारा १,२,३,४ र ५ मा भएको व्यवस्था अनुसार प्रत्येक नागरिकलाई आधारभूत तह सम्मको शिक्षामा पहुच सुनिश्चितता मार्फत अनिवार्य र निशुल्क तथा माध्यमिक तह सम्मको शिक्षा निशुल्क पाउने हक हुनेछ भनि उल्लेख गरिएको परिप्रेक्षमा अझै पनि देश भर लगायत यस नौगाड गाउँपालिका भित्र वसोवास गर्ने घरधुरीमध्ये टुहुरावालवालिकाहरुलाइ उक्त अधिकारको पूर्णरुपमा प्रत्याभूत हुन नसकेको महशुस गरी यो कार्यविधि मार्फत व्यवस्थापन गर्न वाञ्छनिय भएको ठहर गरी स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद १५ दफा १०२ मा भएको व्यवस्था अनुसार नौगाड गाउँकार्यपालिका वाट टुहुरा एवम् अशत्त वालवालिकाका लागि आधारभूत शिक्षा सुनिश्चितता तथा पालनपोषण सम्बन्धि कार्यविधि २०७८ पारित गरिएको छ ।

## परिच्छेद १
## प्रारम्भिक

### १.१. संक्षिप्त नाम र प्रारम्भः

क. यस कार्यविधिको नाम टुहुरा एवम् अशत्त वालवालिकाका लागि आधारभूत शिक्षा सुनिश्चितता तथा पालनपोषण सम्बन्धि कार्यविधि २०७८ रहने छ ।

ख. यो कार्यविधि कार्यपालिका बाट स्वीकृत भएको मितिबाट तुरुन्त लागु हुनेछ ।

### १.२. परिभाषाः

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा, यस कार्यविधिमा :

क. " टुहुरा वालवालिका" भन्नाले जन्मेदेखि १८ वर्ष सम्मका आमा वुवा दुइटै वा एक आमा वा वुवा नभएको अथवा वच्चा गर्भमा छदै वावु वितेको अवस्थालाई समेत जनाउँछ ।

ख. "समिति" भन्नाले टुहुरा वालवालिकाका लागि आधारभूत शिक्षा सुनिश्चितता तथा पालनपोषण व्यवस्थापनका लागि गठित गाउँपालिका स्तरिय निर्देशक समिति तथा गाउँपालिका स्तरिय कार्यक्रम संचालन तथा समन्वय समितिहरुलाई जनाउँछ ।

ग. "समिति अध्यक्ष" भन्नाले टुहुरा वालवालिकाका लागि आधारभूत शिक्षा सुनिश्चितता तथा पालनपोषण व्यवस्थापनका लागि गठित गाउँपालिका स्तरिय निर्देशक समिति तथा गाउँपालिका स्तरिय कार्यक्रम संचालन तथा समन्वय समिति अध्यक्ष समेत लाई जनाउँछ ।

घ. सदस्य भन्नाले टुहुरा वालवालिकाका लागि आधारभूत शिक्षा सुनिश्चितता तथा पालनपोषण व्यवस्थापनका लागि गठित गाउँपालिका तथा वडा स्तरीय समितिका सदस्य भन्ने जनाउछ ।

ङ. सदस्य सचिव भन्नाले टुहुरा वालवालिकाका लागि आधारभूत शिक्षा सुनिश्चितता तथा पालनपोषण व्यवस्थापनका लागि गठित गाउँपालिका तथा वडा स्तरीय समितिको सदस्य सचिव भन्ने जनाउछ ।

घ. "लक्षित वर्ग मैत्री" भन्नाले टुहुरा वालवालिकाका लागि उपयुक्त हुने संरचना ,गरिने सेवा प्रवाह, शैक्षिक वातावरण, भाषा शव्द चयन र व्यवहारलाई समेत जनाउँछ ।

नौगाड गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हौपरीगाड, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

पुष्कर सिह धामी
प्रमुख प्रशासकीय अधिकृत

ङ. "शैक्षिक सामग्री" भन्नाले टुहुरा वालवालिकाकाहरुलाइ उपलव्ध गराइने पाठ्यपुस्तक , शन्दर्भ सामग्री,खेलकुद सामग्री, कपडा तथा स्कूल ड्रैस आदिलाई जनाउँछ ।

च. "जोखिमपूर्ण अभ्यासहरु" टुहुरा वालवालिकाकाहरुका लागि प्रयोग हुने कुसस्कार जन्य भाषा, शव्दचयन,आधारभूत स्वास्थ्य, शिक्षा प्राप्तीमा प्रयोग गरिने संरचनाको पहुच वा प्रयोगको अवस्था, अविभावकाको अभावमा सरसफाइ नगरेको अवस्था तथा खानपानमा पोषणयुक्त खानाको अभाव भएको अवस्थालाई जनाउँछ ।

छ. "लक्षित अनुगमन" भन्नाले टुहुरा वालवालिकाका लागि आधारभूत शिक्षा सुनिश्चितता तथा पालनपोषण व्यवस्थापन लागि समिति,कुनै व्यक्ति, समुह, समुदाय वा सुचकाङ्कलाई लक्षित गरी निश्चित समयावधिमा गरिने अनुगमनलाई जनाउँछ ।

ज. "स्थानीय तह" भन्नाले गाउँपालिका लाई जनाउँछ ।

झ. "गाउँपालिका भन्नाले नौगाड गाउँपालिका लाई जनाउँछ ।

ञ. "अध्यक्ष" भन्नाले गाउँपालिकाको अध्यक्षलाई जनाउँछ ।

ट. "उपाध्यक्ष" भन्नाले गाउँपालिकाको उपाध्यक्षलाई जनाउँछ ।

ठ. "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई जनाउँछ ।

ड. "गाउँ सभा" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले व्याख्या गरे बमोजिमको गाउँ सभालाई जनाउँछ ।

ढ. "गाउँ कार्यपालिका" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले व्याख्या गरे बमोजिमको गाउँ कार्यपालिकालाई जनाउँछ

ण. "न्यायिक समिति" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले व्याख्या गरे बमोजिमको न्यायिक समितिलाई जनाउँछ

त. "वडा" भन्नाले गाउँपालिकाको वडालाई जनाउँछ ।

थ. "वडा अध्यक्ष" भन्नाले गाउँपालिकाको वडा अध्यक्षलाई जनाउँछ ।

द. "वडा स्तरीय समिति" भन्नाले टुहुरा वालवालिकाका लागि आधारभूत शिक्षा सुनिश्चितता तथा पालनपोषण व्यवस्थापन वडा स्तरिय समितिलाइ जनाउछ ।

## परिच्छेद २

### २. उद्देश्य :

यस नौगाड गाउँपालिकाका विभिन्न घरमा रहेका टुहुरा वालवालिकाहरुलाई नेपालको संविधान २०७२ को मर्म र भावना अनुसार शिक्षा सम्वन्धि हकको पूर्ण रुपमा प्रत्याभूत भएको महशुस गराई आमा वा वुवाको अनुपस्थितीमा राज्य तथा स्थानीय तह रहेको महशुस हुने गरी लक्षित वर्गको शिक्षा प्राप्त गर्ने मौलिक हकको सुनिश्चितता गर्ने गराउने उद्देश्य रहेको छ ।

२.१. गाउँपालिका भरीका टुहुरा वालवालिकाहरुमा अविभावकको अभावका कारण शिक्षा प्राप्तीमा देखीन गएको असरको अध्ययन गरी सोको न्यूनिकरणका लागि व्यवस्थापन गर्ने गराउने ।

२.२ माथि ३.१ मा उल्लेखित उद्देश्य पूर्तिगर्न नीतिगत व्यवस्था गरी संस्थागत र संरचनागत व्यवस्था गर्ने ।

२.३. टुहुरा वालवालिका भएका कारण समाजमा रहेको कुसस्कार , भाषा शैली र गरिने व्यवहार परिवर्तनको माध्यमवाट वालवालिकामा पर्न गएको नकरात्मक प्रभाव तथा हिनतावोधको निराकरण गर्ने ।

नौगाड गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
होपरीगाड, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

पुष्कर सिह धामी
प्रमुख प्रशासकीय अधिकृत

## परिच्छेद ३

### ३.सञ्चालन गरिने कृयाकलापहरु

३.१. नेपाल सरकारको वालवालिका सम्वन्धि ऐन २०७५ मा भएका व्यवस्था को पूर्ण प्रत्याभूत गराउन देहायअनुसारका क्षेत्र संग सम्वन्धित कृयाकलाप संचालन गरिनेछ।

३.१.१. प्रत्येक टुहुरा र अशक्त वालवालिकालाइ मर्यादित रुपमा वाच्न पाउने हक सुनिश्चितता गर्न सघाउ पुर्‍याउने कृयाकलापहरु संचालन गरिने छ।

३.१.२. प्रत्येक टुहुरा र अशक्त वालवालिकालाई तिनको नाम, थर, राष्ट्रियता र पहिचान सहित वाच्न पाउने हक सुनिश्चितता गर्न सघाउ पुर्‍याउने कृयाकलापहरु संचालन गरिने छ।

३.१.३. प्रत्येक टुहुरा र अशक्त वालवालिकालाई विना कुनै विभेद स्वतन्त्र रुपमा वाच्न पाउने हक सुनिश्चितता गर्न सघाउ पुर्‍याउने कृयाकलापहरु संचालन गरिने छ।

३.१.४. प्रत्येक टुहुरा र अशक्त वालवालिकालाई पूर्ण रुपमा सुरक्षित भएको महशुस सहित वाच्न पाउने हक सुनिश्चितता गर्न सघाउ पुर्‍याउने कृयाकलापहरु संचालन गरिने छ।

३.१.५. प्रत्येक टुहुरा र अशक्त वालवालिकालाई विना कुनै हिचकिचाहट शिक्षा ,स्वास्थ्य तथा अन्य शैक्षणित कार्यक्रम , गोष्टि , सेमिनार सम्मेलनमा सहभागी हुन पाउने हक सुनिश्चितता गर्न सघाउ पुर्‍याउने कृयाकलापहरु संचालन गरिने छ।

३.१.६. प्रत्येक टुहुरा र अशक्त वालवालिकालाई विना कुनै हिचकिचाहट शिक्षा ,स्वास्थ्य तथा अन्य शैक्षणित कार्यक्रम सम्वन्धि आफ्ना विचार प्रस्तुत गर्ने र सो सम्वन्धि सूचना प्राप्त गर्न पाउने हक सुनिश्चितता गर्न सघाउ पुर्‍याउने कृयाकलापहरु संचालन गरिने छ।

३.१.७. प्रत्येक टुहुरा र अशक्त वालवालिकालाई आफ्ना शारिरिक अवस्था, वासस्थान,सम्पती विवरण, तथ्यांक , चरित्र र पत्राचार को गोपनीयता सुनिश्चितता गर्न सघाउ पुर्‍याउने कृयाकलापहरु संचालन गरिने छ।

## परिच्छेद ४

### टुहुरा वालवालिका प्रतिको जिम्मेवारी तथा जवाफदेहिता

४. नेपालको संविधान २०७२ को मूल मर्म र भावना तथा नेपाल सरकारको वालवालिका सम्वन्धि ऐन २०७५ को भावना अनुसार यस नौगाड गाउँपालिका , गाउकार्यपालिकाको कार्यलय तथा मातहतका निकाय,शाखा, उपशाखा र अन्य कार्यालयहरु साथै वालवालिकाको क्षेत्रमा कार्य गर्ने सरकारी गैह्र सरकारी निकाय तथा कार्यालयहरुको टुहुरा वालवालिका प्रतिको जिम्मेवारी वहन गरी जवाफदेहि ढंगवाट काम कार्वाही गर्नु गराउनु एक महत्वपूर्ण कर्तव्य हुनेछ। ति जिम्मेवारी तथा जवाफदेहिताको क्षेत्र देहायअनुसार रहनेछन।

४.१. अरु वालवालिकाहरु सरहको मर्यादा अनुभूतिको क्षेत्र

४.२. अरु वालवालिकाहरुसरहको शिक्षा प्राप्ती गर्ने अवसर सुनिश्चिताको क्षेत्र

४.३. अरु वालवालिकासरहको सामाजिक सुरक्षा, स्वतन्त्रता , भाषा शैली, व्यवहार सुनिश्चितताको क्षेत्र

४.४.अरु वालवालिकासरहको अतिरिक्त शैक्षिक कार्यक्रममा सहभागी , खेलकुद तथा सूचना आदान प्रदान , विचार आदान प्रदान गर्ने वातावरण सुनिश्चिताको क्षेत्र

४.५.गोपनयिताको क्षेत्र

नौगाड गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
होपरीगाड, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

पुष्कर सिह धामी
प्रमुख प्रशासकीय अधिकृत

## परिच्छेद ५

## संस्थागत तथा संरचनागत व्यवस्था

५.१. टुहुरा एवम् अशक्त वालवालिकाका लागि आधारभूत शिक्षा सुनिश्चितता तथा पालनपोषण व्यवस्थापन गर्न गराउन गाउँपालिका स्तरमा देहायका सदस्य पदाधिकारी रहेको एक निर्देशक समिति गठन गरिने छ।

### गाउँपालिका स्तरिय निर्देशक समिति संरचना

१. गाउँपालिका अध्यक्ष अध्यक्ष

२.गाउँपालिका उपाध्यक्ष सदस्य

३. प्रमुख प्रशासकीय अधिकृत सदस्य

४.सम्पूर्ण वडा अध्यक्ष सदस्य

५.शिक्षा शाखा प्रमुख सदस्य

६. महिला तथा वालवालिका शाखा प्रमुख सदस्य सचिव

यस क्षेत्रमा काम गर्ने अन्य सरकारी वा गैह्र सरकारी संस्था /निकाय प्रतिनिध आमन्त्रित तथा सल्लाहाकार सदस्यको रुपमा वोलाउन सकिने छ।

५.२. टुहुरा एवम् अशक्त वालवालिकाका लागि आधारभूत शिक्षा सुनिश्चितता तथा पालनपोषण व्यवस्थापन गर्न गराउन गाउँपालिका स्तरमा देहायका सदस्य पदाधिकारी रहेको कार्यक्रम संचालन तथा समन्वय समिति गठन गरिने छ।

### गाउँपालिका स्तरिय कार्यक्रम संचालन तथा समन्वय समिति

१.गाउकार्यपालिका सामाजिक क्षेत्र तथा शिक्षा क्षेत्र हेर्ने कार्यपालिका सदस्य अध्यक्ष

२.महिला तथा वालवालिका शाखा प्रमुख सदस्य

३.गाउँपालिका सामुदायिक विद्यालयका वि.व्य.स अध्यक्ष मध्येवाट निर्देशक समितिले मनोनित गरेका २ जना सदस्य ( १ जना महिला समेत)

४.शिक्षा शाखा प्रमुख सदस्य सचिव

## परिच्छेद ६.

## समितिको काम कर्तव्य र अधिकार

**६.१.गाउँपालिका स्तरिय निर्देशक समितिको काम कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ।**

६.१.१. गाउँपालिका स्तरिय कार्यक्रम संचालन तथा समन्वय समितिको काम कार्वाही संचालन गर्न आवस्यक नीति नियम कार्यविधि पारित गर्ने।

६.१.२. गाउँपालिका स्तरिय कार्यक्रम संचालन तथा समन्वय समितिद्धारा तयार पारिएको वार्षिक कार्यक्रम आवस्यक छलफल , थपघट गरी स्वीकृत गर्ने सो को संचालनका लागि आवस्यक वजेट व्यवस्थापन गर्न गाउँ कार्यपालिका वैठक मार्फत गाउ सभामा पेश गर्ने।

६.१.३.संचालित कार्यक्रमको अनुगमन , मुल्यांकन गरी प्रभाव अध्ययन गर्ने र थप सुधारकालागि निर्देशन गर्ने।

६.१.४. टुहुरा बालबालिकाहरु लाई प्रदान गरिने अनुदान रकम तथा शैक्षिक सामग्रीहरुको बारेमा निर्णय गर्ने।

**६.२.गाउँपालिका स्तरिय कार्यक्रम संचालन तथा समन्वय समितिको काम कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ।**

नौगाड गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
होपरीगाड, धार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

पुष्कर सिंह धामी
प्रमुख प्रशासकीय अधिकृत

६.२.१.टुहुरा तथा अशक्त वालवालिकाको शैक्षणि अवस्था को अध्ययन गर्ने ।

६.२.२.अवस्था अध्ययन पश्चात संचालन गर्नु पर्ने आवस्यक कार्यक्रम (क्रियाकलाप) र अपेक्षित नतिजा सहिताको मस्यौदा तयार पारी निर्देशक समितिमा पेश गर्ने ।

६.२.३.निर्देशक समितिवाट स्वीकृत भएको कार्यक्रम प्रभावकारी ढंगवाट सञ्चालन गर्ने गराउने ।

६.२.४. संचालित कार्यक्रमको प्रभाव मुल्यांकन सहितको प्रतिवेदन निर्देशक समितिमा पेश गर्ने ।

६.२.५. प्रभाव मुल्यांकनका आधारमा संचालित कार्यक्रम शंसोधन तथा परिमार्जनका लागि तथ्यगत प्रमाण सहित सिफारिस निर्देशक समितिमा पेश गर्ने ।

६.२.६...............................................

## परिच्छेद ७

### ७.१.निर्देशक समिति र कार्यक्रम संचालन तथा समन्वय समिति वैठक र अभिलेखिकरण सम्वन्धि व्यवस्था

७.१.१ निर्देशक समितिको वैठक प्रत्येक चौमाषिक रुपमा १ पटक वस्नेछ तर आवस्यक परेमा जुन सुकै वेला पनि वैठक वस्न यस वुदाले असर पार्ने छैन ।

७.१.२. वैठकको अध्यक्षता समिति अध्यक्षले गर्नेछ ।

७.१.३. समिति अध्यक्ष अनुपस्थित भएमा गाउँपालिका कार्यवाहक अध्यक्ष र कार्यवाहक अध्यक्ष समेत अनुपस्थित भएमा वडा अध्यक्ष तथा कार्यपालिका सदस्य मध्ये जेष्ठ सदस्यले अध्यक्षतामा वैठक वस्नेछ ।

७.१.४.निर्देशक समिति वैठकको एक अलग्गै निर्णय पुस्तिका रहनेछ सो सम्वन्धमा भए गरेका निर्णय उक्त निर्णय पुस्तिकामा लिपिवद्ध गरि अभिलेखिकरण गरिने छ ।

### ७.२. गाउँपालिका स्तरिय कार्यक्रम संचालन तथा समन्वय समितिको वैठक र अभिलेखिकरण सम्वन्धि व्यवस्था

७.२.१ कार्यक्रम संचालन तथा समन्वय समितिको वैठक प्रत्येक द्वैमाषिक रुपमा १ पटक वस्नेछ तर आवस्यक परेमा जुन सुकै वेला पनि वैठक वस्न यस वुदाले असर पार्ने छैन ।

७.२.२. वैठकको अध्यक्षता समिति अध्यक्षले गर्नेछ ।

७.२.३. समिति अध्यक्ष अनुपस्थित भएमा कार्यवाहक शिक्षा शाखा प्रमुखको अध्यक्षतामा वैठक वस्नेछ ।

७.२.४.निर्देशक समिति वैठकको एक अलग्गै निर्णय पुस्तिका रहनेछ सो सम्वन्धमा भए गरेका निर्णय उक्त निर्णय पुस्तिकामा लिपिवद्ध गरि अभिलेखिकरण गरिने छ ।

## परिच्छेद ८

## वजेट व्यवस्थापन तथा निकासा

८.१. कार्यक्रम संचालन तथा व्यवस्थापनका लागि परिच्छेद ६ को ६.१.२ मा अनुसार गाउसभावाट स्वीकृत वजेट नै मुख्य कार्यक्रम वजेट रहनेछ । यसका अतिरिक्त यक्ष क्षेत्रमा काम गर्न इच्छुक अन्य निकाय, संघ संस्था तथा व्याक्तिहरुले पनि वजेट खर्च गरी कार्यक्रम संचालनमा सहकार्य गर्न सक्नेछन र सोको व्यस्थापनका लागि नीतिगत तथा कानूनी व्यवस्थाका लागि यसै ऐनका आधारमा कार्यविधि पारित गरी लागु गर्न सकिनेछ ।

८.२. निर्देशक समितिबाट स्विकृत वा प्रमाणित तथा निर्धारण भई आइसके पश्चात आवश्यक राहत तथा प्रोत्साहन वापतको रकम टुहुरा तथा अशक्त वालवालिकाको नजिकको अभिभावक तथा संरक्षकको खातामा जम्मा गरिनेछ भने

नौगाड गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
होपरीगाड, धार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

पुष्कर सिंह धामी
प्रमुख प्रशासकीय अधिकृत

कुनै सामग्रीहरु उपलब्ध गराउनु परेमा निजको नजिकको अभिभावक तथा संरक्षक लाई आवश्यक कागजात (लिखित भर्पाइ) तयार पारी हस्तान्तरण गर्नुपर्नेछ ।

८.३. माथि ८.२ मा जुनसुकै कुरा उल्लेख गरिएको भएता पनि आ.व. २०७८।०७९ को हकमा राहत तथा प्रोत्साहन वापतको रकम टुहुरा वालवालिकाको नजिकको अभिभावक तथा संरक्षक लाई रु. दश हजारका दरले आवश्यक कागजात (लिखित भर्पाइ) तयार पारी हस्तान्तरण गर्न सकिने छ ।

## परिच्छेद ९

## लेखापरीक्षण तथा वित्तिय अनुशासन

९.१. यस कार्यविधि अन्तर्गत रहि गठित कार्यक्रम संचालन तथा समन्वय समितिद्धारा संचालित कार्यक्रमको लेखा परीक्षण नेपाल सरकारको प्रचलित कानून अनुसार हुनेछ ।

## परिच्छेद १०

## विविध

### १०.१ नियम तथा मापदण्ड तयारी सम्वन्धमा

१०.१.१.टुहुरा एवम् अशक्त वालवालिकाका लागि आधारभूत शिक्षा सुनिश्चितता तथा पालनपोषण व्यवस्थापन कार्यविधि, २०७८ मा उल्लेख भएका उद्देश्यहरु परिपूर्ति गर्न आवस्यक थप कानुन तथा मापदण्ड तयार पार्न सकिनेछ ।

१०.१.२. यस कार्यविधिमा उल्लेख भएको उद्देश्य परिपूर्ति गर्न अवस्था अध्ययन फाराम , प्रतिवेदन फाराम , कार्यक्रम तथा वजेट तयारी फाराम तयार पार्न निर्देशक समितिले कार्यक्रम संचालन समितिलाई निर्देशन गरे वमोजिक कार्यक्रम संचालन समितिद्धारा तयार पारी निर्देशक समितिमा पेश भए पश्चात स्वीकृत भएका फारामहरु यसै कार्यविधिको अंशका रुपमा भए गरेको मानिनेछ ।

### १०.२ अमान्य हुने :

१०.२.१. यस कार्यविधिमा उल्लेखित कुनै व्यवस्थाहरु नेपालको संविधान २०७२, वालवालिका सम्वन्धि ऐन २०७५ र नियमावली सिद्धान्तहरुसंग बाझिने भएमा बाझिएको हदसम्म स्वत: अमान्य हुनेछ ।

**१०.३. बचाउ** : कुनै निर्देशक समिति, कार्यक्रम संचालन तथा समन्वय समिति ले गरेका निर्णय तथा कार्यक्रमहरु नेपालको संविधान २०७२, वालवालिका सम्वन्धि ऐन २०७५ अन्तगर्तको कुनै व्यवस्थाको पालन भएको छैन भन्ने कुरा पछि ठहरिन गएमा त्यसरी ठहरिनु भन्दा अगाबै त्यस्तो निर्देशक समिति, कार्यक्रम संचालन तथा समन्वय समिति वा गाउँ सभाले गरेको काम कारवाही सो कुराले मात्र बदर हुने छैन ।

नौगाड गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
होपरीगाड, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

पुष्कर सिंह धामी
प्रमुख प्रशासकीय अधिकृत

पुष्कर सिह धामी
प्रमुख प्रशासकीय अधिकृत